# पनौती नगरपालिका
## Panauti Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal


पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ..........................

## नगर प्रहरी सेवा करार सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०८०।०१।१५)

नगरपालिका क्षेत्रलाई व्यवस्थित रुपमा संचालन गर्न नगर प्रहरी परिचालन गर्नुपर्ने भएकोले उक्त सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम अनुमती प्राप्त गरेका सेवा प्रदायक संस्था मार्फत घटाघटको विधिबाट नगरप्रहरी सेवा खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म वा कम्पनीबाट सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ ।

तपसिल:

सूचना नं.: SP/NP/०१/२०७९/८०

शीर्षक: नगर प्रहरी सेवा खरिद

सेवा प्रकार: सेवा करार

| सि.नं. | पदको विवरण | परिमाण | तह | अधिकतम लागत मूल्य एकमुष्ठ रु. (मू.अ.क सहित) | अवधि | सेवा प्रदान गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १. | सहायक निरिक्षक | १ जना | सहायकस्तर चौथो | ४०,६९,६४५.२८ | १ वर्ष | पनौती नगरपालिका क्षेत्रभित्र |
| २. | हवल्दार | १ जना | सहायकस्तर तेस्रो | | | |
| ३. | जवान | ५ जना | सहायकस्तर पहिलो | | | |

अन्य शर्तहरु:

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयमा प्रोपाईटर आफै वा निजको अधिकार प्राप्त व्यक्तिले रु. ३,०००।– (पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद दाखिला गरी सोको नगदी रसिद सहित अद्यावधिक नवीकरण भएको फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरणको प्रमाणपत्र, कर दर्ता तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न राखी निवेदन दिई यस कार्यालयको प्रशासन शाखाबाट प्रस्ताव खरिद गर्न सकिनेछ ।

२०८०।१।१५
...णराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

२. खरिद गरिएको प्रस्ताव यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको दिन १२:०० बजेभित्र सिलबन्दी गरि बुँदा नं. १ मा उल्लेखित प्रमाणहरुको प्रतिलिपी साथै राखि यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता हुन आएका प्रस्तावहरु १६ औं दिन दिनको २:०० बजे प्रस्तावदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा वा निजहरु उपस्थित नभए पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

३. प्रस्ताव दर्ता तथा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट सोही समयमा उल्लेखित कार्य गरिनेछ ।

४. प्रस्ताव साथ आफूले कबोल गरेको कुल रकमको ३ प्रतिशतले हुने नगद धरौटी रकम यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड पनौती शाखामा रहेको ग३.० धरौटी खाता नं. 09003000003000000001 मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

५. एक फर्म वा कम्पनीको नाममा खरिद गरेको दरभाउपत्र अर्को फर्म वा कम्पनीको नाममा दाखिला गर्न पाइने छैन ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा उल्लेखित दररेटलाई मान्यता दिइनेछ ।

७. रित नपुगेको वा म्याद नाघी आएको वा कुनै पनि शर्त राखि कैफियत खुलाई दर्ता गरिएको प्रस्ताव उपर कुनै कारवाही हुनेछैन ।

८. कारण जनाई वा नजनाई सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. सिलबन्दी खामको बाहिर प्रस्ताव पेश गरेको कार्यको सूचना नं, शीर्षक नं. र यस कार्यालयको नाम तथा प्रस्ताव दिने फर्मको नाम, छाप, सम्पर्क ठेगाना र फोन नं. समेत स्पष्ट उल्लेख हुनुपर्नेछ ।

१०. सिलबन्दी प्रस्ताव स्वीकृत भई नगर प्रहरी सेवाको भुक्तानी लिंदा नियमानुसार लाग्ने कर कट्टी गरिनेछ । कट्टी गरिएको कर रकम राजश्व कार्यालयमा दाखिला गरिनेछ ।

११. यसमा उल्लेख भएदेखि बाहेक अन्यको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ ।

१२. प्रस्ताव सम्बन्धी कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको प्रशासन शाखामा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।(सम्पर्क नं. ९८६१३९१०४०)

२०८०।१।१५

गणराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत